आज मिति २०८१/०८/१९ गते बुधवारका दिन विहान ८:०० बजे गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री कृष्ण कुमार यादव ज्यूको अध्यक्षतामा तपसिल अनुसारको पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय अनुसारको प्रस्तावमाथि छलफल गरी निम्नानुसार निर्णय गरियो ।

तपसिल :

| | |
|---|---|
| श्री कृष्ण कुमार यादव | अध्यक्ष |
| श्री मिना देवी राय | उपाध्यक्ष |
| श्री राम सुरेश राय (वडाध्यक्ष वडा नं. १) | सदस्य |
| श्री विनोद कुमार राय (वडाध्यक्ष वडा नं. २) | सदस्य |
| श्री दिनेश कुमार साह (वडाध्यक्ष वडा नं. ३) | सदस्य |
| श्री फैयाज अहमद (वडाध्यक्ष वडा नं. ४) | सदस्य |
| श्री नागेन्द्र प्रसाद साह (वडाध्यक्ष वडा नं. ५) | सदस्य |
| श्री राजेश कुमार यादव (वडाध्यक्ष वडा नं. ६) | सदस्य |
| श्री नविन कुमार राय (वडाध्यक्ष वडा नं. ७) | सदस्य |
| श्री रामकैलाश राउत (वडाध्यक्ष वडा नं. ८) | सदस्य |
| श्री विजय कुमार यादव (वडाध्यक्ष वडा नं. ९) | सदस्य |
| श्री ईन्द्रकला देवी | सदस्य |
| श्री रिता कुमारी | सदस्य |
| श्री शोसिला कुमारी यादव | सदस्य |
| श्री श्याम कुमारी राम | सदस्य |
| श्री फेकु साह कानु | सदस्य |
| श्री राकेश ठाकुर (लोहार) | सदस्य |
| श्री संजिव कुमार यादव (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

आमन्त्रित :

श्री संजय कुमार ठाकुर (लेखापाल)

श्री दुर्गानन्द कुमार यादव (कम्प्युटर अपरेटर)

CS CamScanner

प्रस्तावहरु :

१. मन्त्री परिषद्को निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

२. विद्युत महशुल सम्बन्धमा ।

३. सार्वजनिक भवन निर्माण सम्बन्धी परिपत्र कार्यान्वयन गर्ने सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद् समन्वय शाखा) च.नं. ५८ मिति २०८१।०६।२९ गतेको पत्रमा प्रेषित मिति २०८१।०६।२१ गतेको नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय र नेपालको संविधानको धारा २३२ को उपधारा (८) बमोजिम स्थानीय तहमा सडक निर्माण, खानी उत्खनन र विकास निर्माण लगायत अन्य कार्य गराउँदा ठूला आयोजनाहरुमा आवश्यकता अनुसार वातावरणीय प्राविधिक परीक्षण गराई योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चक्रघट्टा गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुको नाउँमा रहेका बिजुली मीटरमा हालसम्म बाँकी रहेका बिलको भुक्तानी गाउँपालिकाको कार्यालयबाट व्यहोर्ने र यसपछि खपत हुने विद्युत वापतको बिल भुक्तानी वडा कार्यालय तथा स्वास्थ्य संस्था संचालन खर्चबाट व्यहोर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालको च.नं. २३६४८, मिति २०८१।०८।०४ गतेको पत्र र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सुशासन प्रवर्द्धन शाखा) को च.नं. १३० मिति २०८१।०८।०७ गतेको पत्रानुसार "सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २६४ मा उपभोक्ता समितिबाट खरिद गर्न सकिने व्यवस्थाका प्रावधानहरुको विपरित सार्वजनिक निकायहरुबाट खुल्ला रुपमा प्रतिस्पर्धा गराई निर्माण गर्नुपर्ने सरकारी भवनहरुको निर्माण समेत उपभोक्ता समितिबाट गराइएको देखिएकोले उल्लेखित ऐन र नियमावलीका प्रावधानहरु अक्षरशः पालना गर्ने तर्फ आवश्य कदम उठाउने" निर्णय गरियो ।